## १०. (तीन पुस्ता कायम सहितको फोटो टाँसका लागि दिने निवेदनको ढाँचा)

श्रीमान् प्रमुख/मालपोत अधिकृतज्यू,
मालपोत कार्यालय ............................... ।

**विषय : श्रेस्तामा तीन पुस्ता कायम गरी फोटो समेत टाँस गरी पाऊँ ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस कार्यालयमा म/हामी .......................... को नाममा कायम भएको देहाय बमोजिमको जग्गाको जग्गाधनी दर्ता श्रेस्तामा जग्गाधनीको ठेगाना लगायत तीन पुस्ता तथा नागरिकता सम्बन्धी विवरण कायम गर्न एवं जग्गावालाको फोटो टाँस गर्न बाँकी रहेको हुँदा श्रेस्तामा तीन पुस्ता, ठेगाना, नागरिकताको विवरण कायम गरी फोटो समेत टाँस गरी पाउनका लागि देहाय बमोजिमका कागजात तथा पासपोर्ट साइजको फोटो थान २ प्रतिसंलग्न राखी रु. ........।- को टिकट टाँसी यो निवेदन पेश गरेका छु/छौं । जग्गाधनी दर्ता श्रेस्ता र मैले प्राप्त गरेको जग्गाधनी दर्ता प्रमाण पूर्जाका पेश भएको स्थानीय तहको सिफारिस, संलग्न कागज एवं नागरिकताको प्रमाणपत्रको आधारमा तीन पुस्ता, ठेगाना तथा नागरिकताको विवरण कायम, फोटो टाँस तथा प्रमाणित गरी पाऊँ ।

लेखिएको व्यहोरा ठीक साँचो हो, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. जग्गाको विवरण

| जिल्ला | गा.पा./न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | किसिम/खण्ड | मोहीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. जग्गाधनीको विवरणमा भएको व्यहोरा

| जग्गावालाको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं., मिति र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

३. निवेदकको माग बमोजिम हुनुपर्ने व्यहोरा

| निवेदकको नाम थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं., मिति र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संलग्न कागजातहरु :**

(.....) १. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान ........................................ १
(.....) २. जग्गाधनी दर्ता प्रमाणपूर्जाको १ प्रति प्रतिलिपि सहित सक्कल पूर्जा थान ........................ १
(.....) ३. चालु आ.व.को मालपोत बुझाएको रसिदको प्रतिलिपि थान ........................................ १
(.....) ४. ................. गाउँपालिका/नगरपालिकाले फोटो समेत प्रमाणित गरी दिएको च.नं. ........ मिति ................ को सिफारिस पत्रको सक्कल थान ........................................ १
(.....) ५. अन्य प्रमाण : ........................................................................

**निवेदक**

हस्ताक्षर :
नाम, थर र वर्ष :
ठेगाना :

यो निवेदन म आफैंले/निवेदकले भने बमोजिम तयार गरेको हुँ भनी सही गर्ने निवेदक ................................ /व.अधिवक्ता/अधिवक्ता/
अभिकर्ता/लेखापढी व्यवसायी/ ................................ प्र.प.नं. ................................

इति सम्वत् २०.......... साल ............ महिना .......... गते रोज ...... शुभम् ..............................................

**नोट** : संलग्न कागजात अन्तर्गत निवेदन साथ पेश भएको कागजकोथानको हकमा कति पाना हुन्छ, सो को संख्या लेख्ने र शुरु भागमा राखिएको ( ) मा पेश भएको कागजको हकमा ✓ र कागज पेश नभएको हकमा ✕ लगाउनु पर्नेछ ।